# मोदी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
**पातिचौर,पर्वत**
**गण्डकी प्रदेश,नेपाल**
**२०७३**

## ढुङ्गा, वालुवा, गिट्टी, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आवाह्नको सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२१ गते**

मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (५) वमोजिम चालु आ.व. २०८१/८२ का लागि तपशिल बमोजिमका नदिजन्य पदार्थ ढुङ्गा, वालुवा, गिट्टी, रोडाको आय सङ्कलन ठेक्काको माध्यमवाट गर्नुपर्ने भएकोले ठेक्कापट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपसिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयमा बोलपत्र फारम खरिद बापत तोकिएको रकम (फिर्ता नहुने गरी) यस मोदी गाउँपालिकाको आन्तरिक राजस्व खाता नं ३२६०३००००१००१००००१ मा जम्मा गरि बोलपत्र फारम यस कार्यालयवाट खरिद गरि मु.अ. कर सहितको कूल कबोल रकमको ५ प्रतिशत (पाँच प्रतिशत) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड मोदी शाखामा रहेको खाता ३२६०३००००३००१००००१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैङ्क वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बैङ्क ग्यारेन्टी संलग्न राखी बोलपत्र पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं | वडा नं. | बगरको नाम | उत्खनन् हुने अधिकतम परिमाण, घ.मी. | न्यूनतम रकम (मु.अ.कर वाहेक) रु. | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 01/Aaya/MRM/2082-083 | ६ | रतिखोला (सिम्ले ताल) | ९५०४।०० | ३०,१८,३५६।०५ | ३,०००।०० | २०८२/१०/२० समयः ४:०० बजे सम्म | २०८२/१०/२१ समयः १२:०० बजे सम्म |

**शर्त तथा बन्देजहरु :**

१. खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि माथि उल्लेखित मिति र समय भित्र आवश्यक कागजातहरु फर्म दर्ता प्रमाण पत्र प्रतिलिपि, ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको ईजाजत पत्रको फोटोकपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि आ.व. ०८१/०८२ सम्म वा म्याद थपको प्रमाण पत्र सहित खामबन्दी गरि यस कार्यालयमा बोलपत्र पेश गर्न सकिने छ। दर्ता हुन आएका बोलपत्रहरु सूचना प्रकाशन भएको मितीले ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पूर्व कबोल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम सम्झौता गर्न आउँदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्नेछ । ५० प्रतिशत रकमको हकमा कार्य सम्पादन जमानत उपलब्ध गराउन मान्यता प्राप्त, वाणिज्य बैंक तथा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको २०८३ असार मासान्त

सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने छ । उक्त कार्य सम्पादन जमानत बराबरको रकम २०८२ फागुन मसान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ ।

३. यस सूचना अनुरुप नदिजन्य पदार्थको कर तथा बिक्रि शुल्क, रतिखोलामा मिती २०८३ जेष्ठ ३० गते सम्म उठाउन पाईने छ।

४. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरि निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

५. बोलपत्रका सम्वन्धमा थप केही बुझ्न परेमा कार्यालय समयमा राजस्व शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै विस्तृत विवरण बोलपत्र फारम साथ उपलब्ध गराइनेछ ।

६. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पालना गर्नुपर्ने शर्तहरु जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु प्रत्येक वाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा,वालुवा,गिट्टी,रोडाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछ । नियमको पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ।

७. बोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ ।

८. बोलपत्र पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ। कार्यालयले आवश्यक ठानेमा जुनसुकै चरणमा पनि आंशिक वा पुरै बोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ। यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।